# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ०५/०८०/०८१ मितिः२०८०/०६/१४

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्वा | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

मिति २०८० साल आश्विन १४ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. चालु आर्थिक वर्षको स्वीकृत आयोजनाहरु कार्यान्वयनका सम्बन्धमा ।

यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष ०८०/८१ का लागि नगर सभाबाट स्वीकृत भएका आयोजनाहरु कार्यान्वयनका सम्बन्धमा छलफल गरी देहाय बमोजिम निर्णयहरु गरियो ।

**क.** सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त निर्देशन बमोजिम पुल, कल्भर्ट, कालोपत्रे सडक जस्ता हेभी मेसिनरी उपकरणहरु प्रयोग हुने प्रकृतिका आयोजना कार्यान्वयनका लागि ठेक्का बन्दोवस्त गर्ने ।

**ख.** उपभोक्ता समितिबाट सञ्चालन गर्नुपर्ने आयोजनाहरु सञ्चालनका लागि सम्बन्धित उपभोक्ता समितिले आश्विन मसान्त भित्र उपभोक्ता समितिहरु गठन गरी सम्झौताका लागि पठाउने ।उक्त अवधिमा उपभोक्ता समिति गठन नभएमा ठेक्का बन्दोवस्त गरी आयोजना कार्यान्वयन गर्ने ।

**ग.** तटबन्धन, बाँध, पैनि मुहान मर्मत जस्ता आयोजनाहरु पौष मसान्त भित्र सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्ने ।

**घ.** उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनामा साविक बमोजिम नै उपभोक्ताको तर्फबाट कुल लागतको १० प्रतिशत नगद सहभागितालाई निरन्तरता दिने ।

**ङ.** उपभोक्ता समितिबाट सञ्चालन हुने रु ५ लाख भन्दा कम लागतका आयोजनाहरुको सम्झौताका लागि सहजिकरण गर्न नगर कार्यपालिकाको कार्यालयबाट सम्बन्धित वडा कार्यालयमै गई सम्झौता गर्न आवश्यक व्यवस्था मिलाउने ।वडा हेर्ने गरी तोकिएका प्राविधिक कर्मचारीलाई पालो मिलाई सम्बन्धित वडा कार्यालयमै खटाउने ।

**च.** स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत साझेदारी शीर्षकमा विनियोजित बजेट कार्यान्वयनका लागि उपभोक्ताबाट कम्तिमा ४० प्रतिशतको नगद सहभागिता सहित प्रस्ताव आह्वान गरी ७ दिनको सूचना प्रकाशन गर्ने ।